# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी(ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल ।

## आय ठेक्काको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी ७ दिने सूचना
प्रथम पटक प्रकाशित मिति २०८२।०३।२६

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ बमोजिम कवाडी मालबस्तु निकासीको ठेक्का बन्दोबस्त गर्नु गर्ने भएकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहने गरी ईच्छुक ब्यक्ति वा फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आवह्वन गरिन्छ ।

तपसिल

| ठेक्का न. | आय ठेक्काको नाम | न्यनतम अंक रु |
|---|---|---|
| आय-५/०८२।०८३ | कवाडी मालबस्तु निकासी कर | १०००००।-(एकलाख मात्र) |

**शर्तहरु**

१) सिलबन्दी दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८२।०३।३२) सम्म कार्यालय समय भित्र कार्यालयको राजश्व शाखा बाट रु ३०० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । यसका लागी ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा फर्मको हकमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. ०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरि निबेदन दिनु पर्ने छ ।

२) न्युनतम अंकमा मु.अ.कर र अन्य करहरु समाबेश गरिएको छैन

३) कबोल रकम र धरौटी रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

४) सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ५% का दरले हुन आउने रकम यस कार्यालयको एन एम वि बैक, कुडिया शाखामा रहेको धरौटी खाता न. १०५००८५४८९८०००४४ ग ३ सुस्ता गा.पा.धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा सिलबन्दी खाम भित्र नगदै संलग्न गर्नु पर्ने छ ।

५) यो सुचना प्रकाशित भएको मितिले ८ औं दिन (मिति २०८२।०४।०१) दिनको १२.०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । सोहि दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधी को उपस्थितीमा दरभाउपत्र खोलिने छ । प्रतिनिधी उपस्थित नभएता पनि नियमानुसार सोहि समयमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६) दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्बजनिक विदा परेमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिने छ ।

७) कार्यालयबाट प्रमाणित नभएको र रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

८) ठेक्काको अवधि २०८३ असाढ मसान्त सम्म हुनेछ । सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोडन पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन उक्त रकम कार्यालयले सरकारी बाँकी सरह असुल उपर गर्ने छ ।

९) बन्द, हडताल जस्ता कारण जनाई कुनै प्रकारका छुट वा मिनाहा दावि गर्न पाईने छैन । तर काबु बाहिरको परिस्थिती परि राजश्व असुल हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१०) कवाडी निकासी करको दररेट सुस्ता गाउँपालिकाको आर्थिक ऐन २०८२ अनुसार हुने छ । कर संकलन गर्दा उक्त दरमा १३ प्रतिशत मु.अ.कर थप गरि संकलन गर्नु पर्ने छ । यस्तो कर कवाड संकलन केन्द्रबाटै संकलन गर्नु पर्ने छ । सडकमार्गमा तगारो राखी कर असुल गर्न पाईने छैन ।

११) ठेक्का सदर भएको मितिले सात (७) दिन भित्र आफुले कबोल गरेको रकम, मुल्य अभिबृद्धि कर र कबोल अंकको १.५ प्रतिशतले हुने अग्रिम आयकर एकमुष्ट रुपमा दाखिला गरी यस कार्यालयबाट ठेक्का चलान पत्र लिई सक्नु पर्ने छ । यदि सात दिन भित्र पट्टा नउठाएमा धरौटी रकम जफत गरि सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ ।

१२) ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ । अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

१३) यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून बमोजिम हुने छ ।

हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत